# काठमाडौँ–२ : निर्वाचनैपिच्छे फेरिन्छन् विजेता अनुहार

दलहरूले विगतमा पाएको मत र निर्वाचनै पिच्छे फेरिएका विजेता अनुहार हेर्दा यसपटकको निर्वाचनमा कसको पल्ला भारी हुनेछ भन्ने अहिले नै अनुमान गर्नु हतारो हुनेछ।








■ **चमिना भट्टराई**

२१ फागुनको निर्वाचनको रौनकले संघीय राजधानी काठमाडौँको राजनीतिक तापक्रम ह्वात्तै बढेको छ। धार्मिक रूपमा पनि चर्चित स्थान समेटिएको काठमाडौँ क्षेत्र नम्बर–२ मा त्यत्तिकै पनि चहलपहल बढी छ। निर्वाचनमा मत दिने र लिने मात्रै होइन, यसै क्षेत्रमा पर्ने शालीनदी नुहाउने र दर्शन गर्नेको चासोमा पनि छ यो क्षेत्र। शालीनदी सेरोफेरो काठमाडौँ निर्वाचन क्षेत्र नम्बर २ मा पर्छ।

यो क्षेत्रमा निर्वाचनै पिच्छे फरकफरक अनुहार देखापर्ने गरेका छन्। कोही क्षेत्र फेर्दै आउँछन् त कोही नयाँ अनुहार देखा पर्छन्। अझ भन्नुपर्दाका यहाँका मतदाताले चुनावै पिच्छे सांसद पनि फेरि फेरि पाउने गरेका छन्।

निर्वाचन आयोगले ४ फागुनपछि मात्र औपचारिक चुनावी प्रचारप्रसारको अनुमति दिएको छ। त्यसअघि उम्मेदवारहरूले सार्वजनिक रूपमा चुनावी सभा गर्न नपाउने मात्रै होइन, मत माग्न घरदैलोसमेत गर्न पाउँदैनन्। यद्यपि यहाँका उम्मेदवारहरू आचारसंहितामा प्रभाव नपर्ने गरी मतदाताका बीचमा पुगेका छन्। निर्वाचन आयोगका अनुसार यो पटक काठमाडौँ–२ मा २८ जना उम्मेदवार प्रतिस्पर्धामा छन्। तीमध्ये १६ जना मात्र पार्टीका हुन्। बाँकी स्वतन्त्र रूपमा प्रतिस्पर्धामा छन्। चुनावका बेला प्रतिस्पर्धा हुन्छ। सबैको लक्ष्य आफू जित्ने र प्रतिस्पर्धीलाई हराउने नै हुन्छ।

काठमाडौँ–२ मा दलहरूले यसपटक पनि विगतकै परम्परा पछ्याएका छन्। नेकपा एमाले र राष्ट्रिय प्रजातन्त्र पार्टीबाहेक यहाँ कसैले पनि उम्मेदवार दोहोर्‍याएका छैनन्। विघटित प्रतिनिधिसभाको ठुलो दल नेपाली कांग्रेसले कबिर शर्मा (फुयाल) लाई उम्मेदवारका रूपमा अघि सारेको छ। क्षेत्रीय सभापति रहेका शर्मा ३८ वर्षका भए। एमालेले २०७९ सालमा पराजित फुयाललाई नै यसपटक अघि सारेको हो। उनी २०७४ सालमा प्रदेशसभा सदस्यमा निर्वाचित भइसकेका अनुहार हुन्।

अघिल्लोपटक सांसद जितेको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले यसपटक ४१ वर्षीय सुनील केसीलाई उठाएको छ। राष्ट्रिय प्रजातन्त्र पार्टीले ३९ वर्षीया कुन्तीदेवी पोखरेललाई उम्मेदवारका रूपमा उभ्याएको छ। उनी गत वर्ष पराजित भएकी थिइन्। यस्तै एमालेले मणिराम फुयाललाई उम्मेदवार बनाएको छ। यस्तै नेपाली कम्युनिस्ट पार्टी (नेकपा) ले पनि युवा अनुहार उतारेको छ। यसअघि उक्त पार्टीका सहसंयोजक माधवकुमार नेपालले समेत जितेको काठमाडौँ–२ मा उनै नेपालको सचिवालयमा बसेका ३८ वर्षीय नितेश पौडेल नेकपाबाट उम्मेदवार बनेका छन्। उनी एमाले हुँदै युवा संघको केन्द्रीय भूमिकामा रहेर युवाबीच लोकप्रिय थिए। पार्टी विभाजनपछि पनि युवा संघकै नेतृत्वमा रहेका छन्।

कोटेश्वरको बालकुमारी पुलदेखि सिन्धुपाल्चोक र काभ्रेको दोसाँध छापभञ्ज्याङसम्म दक्षिण–उत्तर सीमा फैलिएको यो निर्वाचन क्षेत्र काठमाडौँका १० निर्वाचन क्षेत्रमध्ये दोस्रो बढी मतदाता भएको क्षेत्र हो।

यो क्षेत्रमा काठमाडौँ महानगरपालिकाअन्तर्गत ९ र ३२, कागेश्वरी मनोहराको ४ देखि ९ र शंकरापुर नगरपालिकाका सम्पूर्ण (१ देखि ९) वडा यो निर्वाचन क्षेत्रमा समेटिएको छ। सहरी सुगमतादेखि कठिन भूगोलसम्म जोडिएको छ काठमाडौँ–२। काठमाडौँ महानगरपालिकाअन्तर्गत वडा–९ र ३२ (गौशाला पूर्वदेखि सिनामंगल हुँदै कोटेश्वरसम्म) पूर्ण सहरी क्षेत्र हुन्। कागेश्वरी र शंकरापुर नगरपालिकाका केही वडा काँठ क्षेत्रका रूपमा परिचित छन्। साँखु सिमान्त सहरका रूपमा छ भने शंकरापुर–१ (नाङ्लेभारे), २ (पटाप), ३ (जहरसिंहपौवा), ४ (लप्सेफेदी), ५ (पालुबारी), ८ (घुमारचोक) अधिकांश ग्रामीण इलाका हुन्। यहाँका आवश्यकता र मतदाताको मनोविज्ञान पनि भूगोल अनुसार भिन्न छ।

बाहिरबाट हेर्दा काठमाडौँ–२ सुगम ठानिए पनि यहाँ हेरेर बुझेजस्तो छैन। विद्यालयको भौतिक संरचनाको समस्या छन्। यस्तै जहरसिंहपौवादेखि छापभञ्ज्याङसम्मै पानीको संकट छ। जुनै प्रतिनिधि चुनिएर आए पनि स्थानीयका ती समस्या समाधान गर्न सकेका छैनन्। राजधानी काठमाडौँकै अंग भए पनि यो क्षेत्र ओझेलमा परेकाले हुनुपर्छ, त्यहाँका स्थानीय निर्वाचनैपिच्छे फरकफरक अनुहार खोज्छन्।

२०४८ सालको पहिलो आमनिर्वाचनमा यो क्षेत्रबाट नेपाली कांग्रेसका दमननाथ ढुंगाना निर्वाचित भएका थिए। त्यसैगरी २०५१ सालमा एमालेकी विद्यादेवी भण्डारी निर्वाचित भइन्। २०६४ सालमा माओवादी केन्द्रका झक्कु सुवेदीले जित हासिल गरे। २०६४ सालको संविधानसभापछि पनि उक्त क्षेत्रमा उम्मेदवार फेरिने क्रम रोकिएन। पहिलो संविधानसभा निर्वाचनमा तत्कालीन एमाले महासचिव माधवकुमार नेपाल उम्मेदवार बनेका थिए। तर उनलाई तत्कालीन नेकपा माओवादीका झक्कु सुवेदीले पराजित गरे।

चुनाव जित्नुअघि सुवेदीको कुनै चर्चा नभएका उनले अप्रत्यासित परिणाम निकालेपछि सुवेदी त्यो कार्यकालभरि चर्चामा रहे। उक्त चुनावमा देशैभर माओवादीको दबदबा थियो। त्यही प्रभाव काठमाडौँ–२ मा पनि पर्‍यो।

काठमाडौँ–२ र रौतहट–१ बाट पनि चुनाव हारेपछि महासचिव नेपालले पार्टी नेतृत्वबाट राजीनामा दिए। एमाले नेतृत्व हस्तान्तरणको कोर्समा गयो। २०७० सालको निर्वाचनमा भने तत्कालीन एमाले नेता माधवकुमार नेपालले दुवै क्षेत्रमा चुनाव जिते।

रौतहट–१ मा जित कायम राखेर काठमाडौँ–२ छाड्दा एमालेले उक्त क्षेत्र गुमायो। उक्त क्षेत्रमा नेपाली कांग्रेसका दीपकप्रससाद कुइँकेल निर्वाचित भए। उक्त उपचुनावमा एमालेले काठमाडौँ–९ मा पराजित भएका कृष्णगोपाल श्रेष्ठलाई उम्मेदवार बनाएको थियो। २०४८ देखि २०७९ सालसम्म आउँदा यो क्षेत्रमा कांग्रेस र एमालेकै रजगज चल्यो।

२०७९ अर्थात गएको निर्वाचनमा आइपुग्दा यो क्षेत्रमा कांग्रेस र एमालेको विरासत भत्कियो। यो क्षेत्रले अप्रत्यासित नतिजा दियो। भर्खरै उदय भएको पार्टी रास्वपाले कांग्रेस एमालेको विरासतमा आफ्नो उपस्थिति जनायो। दोलखा जामुनेकी २७ वर्षीया सोविता गौतम यस क्षेत्रबाट सांसद निर्वाचित भइन्। गौतमले १५ हजार २३८ मत ल्याइन्। भने उनको निकटतम प्रतिस्पर्धी एमालेका मणिराम फुयालले ११ हजार ५६६, तेस्रो भएकी राप्रपाकी कुन्तीदेवी पोखरेलले ११ हजार २४ मत ल्याएकी थिइन्। त्यतिबेला गठबन्धनमा रहेका कांग्रेस र तत्कालीन माओवादी केन्द्रले साझा उम्मेदवारका रूपमा पूर्वसभामुख ओनसरी घर्तीलाई उम्मेदवार बनाएको थियो। उनले ९ हजार ४५९ मत ल्याएकी थिइन्।

### गत वर्षको समानुपातिक मत

मिश्रित निर्वाचन प्रणालीमा समानुपातिक मतले त्यस क्षेत्रमा दलका अवस्था र जनताको रुची बुझ्न सकिन्छ। प्रत्यक्षमा गठबन्धन गरी एउटा पार्टीले अर्को पार्टीको उम्मेदवारलाई सहयोग गरे पनि समानुपातिक मत भने सामान्यतः मतदाताले आस्था राख्ने दलमा गएको हुन्छ। दल पनि समानुपातिक मत आफैँलाई आओस् भन्ने ढंगले लाग्छन्। तर, दलहरूले प्रत्यक्ष र समानुपातिकमा पाउने मतको भने अन्तर हुने गरेको छ।

यसरी हेर्दा हामीले गएको चुनावको अवस्था हेर्नुपर्छ। गएको चुनावमा यस क्षेत्रबाट जितको रास्वपाले प्रत्यक्षतर्फ १५ हजार २३८ मत पाउँदा समानुपातिकमा १३ हजार ८७९ मत पाएको थियो। त्यस्तै राप्रपाले प्रत्यक्षमा ११ हजार २४ मत पाउँदा समानुपातिकमा ११ हजार ८१६ पाएको थियो। तेस्रो स्थानमा रहेको एमालेले प्रत्यक्षमा ११ हजार ५६६ पाउँदा समानुपातिकमा ९ हजार ५१४ पाएको थियो। यस क्षेत्रमा कांग्रेस र समाजवादीले माओवादीसँग गठबन्धन गरेको भए पनि समानुपातिकतर्फ कांग्रेसले ७ हजार १६७ मत पाएको थियो। समाजवादीले भने समानुपातिकमा २ हजार ६५५ मत पाएको थियो। दलहरूले विगतमा पाएको मत र निर्वाचन नै पिच्छे फेरिएका विजेता अनुहार हेर्दा यसपटकको निर्वाचनमा कसको पल्ला भारी हुनेछ भन्ने अहिले नै अनुमान गर्नु हतारो हुनेछ।

### गएको चुनावमा

रास्वपा, प्रत्यक्षः १५२३८ समानुपातिकः १३८७९
राप्रपा, प्रत्यक्षः ११०२४, समानुपातिकः ११८१६
एमाले, प्रत्यक्षः ११५६६, समानुपातिकः ९५१४,
कांग्रेस समानुपातिकः ७१६७
माओवादी, प्रत्यक्षः९४५९, समानुपातिकः २९१५
समाजवादी, समानुपातिकः२६५५

---


**सांग्रिला डेभलपमेन्ट बैंक लि.**
**Shangri-la Development Bank Ltd.**
स्थानीय विकासको आधार
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजत प्राप्त संस्था)

केन्द्रीय कार्यालय : बालुवाटार, काठमाण्डौ
फोनः ०१-४५२१८६१/६२/६३

## कर्जा चुक्ता नगर्ने ऋणीको धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्री गर्न गोप्य शिलबन्दी बोलपत्र आह्वान गरिएको सम्बन्धी २१ दिने सूचना

**सूचना प्रकाशित मिति : २०८२/१०/१३ गतेको सौर्य राष्ट्रिय दैनिक**

**बोलपत्र पेश गर्ने अन्तिम मिति २०८२/११/०४ गते कार्यालय समय भित्र**

यस डेभलपमेन्ट बैंकबाट कर्जा सुरक्षण वापत तपसिलमा उल्लेखित सम्पत्ति धितो जमानतमा राखी तपसिलका ऋणीले यस डेभलपमेन्ट बैंकको निम्न शाखा कार्यालयबाट विविध कर्जा शीर्षक अन्तर्गत लिई उपभोग गर्ने तपाई ऋणीले यस बैंक सँग गर्नु भएको कर्जाको शर्त सम्झौता बमोजिम समय-समयमा यस बैंकलाई बुझाउनु पर्ने साँवा, व्याज, हर्जाना र अन्य दै-दस्तुर समेत चुक्ता भुक्तान गर्न पटक-पटक लिखित तथा मौखिक तरताकेता गर्दा समेत बुझाउनु पर्ने रकम नबुझाई बैंकसँग गरेको ऋण तथा कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएकोले र पत्र-पत्रिका द्वारा सार्वजनिक सूचना प्रकाशन गर्दा समेत कर्जा चुक्ता नगरेकोले कर्जाको सम्पूर्ण साँवा, व्याज, हर्जाना लगायतका अन्य दै-दस्तुर समेत तिरी बुझाई कर्जा चुक्ता भुक्तान गर्न गराउनको लागि सम्बन्धित ऋणी, धितो सुरक्षणधनी तथा जमानत कर्ता समेतलाई यसै सूचनाद्वारा पुनः सूचित गर्नुका साथै गोप्य शिलबन्दी बोलपत्रद्वारा चल/अचल सम्पत्ति लिलाम बिक्री गर्नको लागि २१ (**एक्काइस**) **दिने** सूचना प्रकाशित गरि आह्वान गरिएको छ। तोकिएको समय भित्र कर्जा चुक्ता नभएमा उल्लेखित चल/अचल सम्पत्ति जहाँ जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा अन्य प्रचलित कानुनले दिएको अधिकार प्रयोग गरी गोप्य शिलबन्दी बोलपत्रको माध्यमबाट धितो लिलाम बिक्री (दाखिल खारेज नामसारी प्रयोजनको लागि मात्र) गरि नामसारी गरिने भएकोले सो अवधिमा कार्यालय समय भित्र आइपुग्ने गरी निम्न शर्तहरुको अधिनमा रही शिलबन्दी बोलपत्र पेश गर्नुहुन आह्वान गरिन्छ। प्राप्त बोलपत्रहरु बोलपत्र पेश गर्ने अन्तिम दिनको भोलीपल्ट वा सो दिन बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा बिहानको ११:०० बजे सम्बन्धित शाखा कार्यालयमा खोलिने हुँदा बोलपत्रदाता वा आधिकारीक प्रतिनिधि उपस्थित हुन समेत जानकारी गराइन्छ। तर बोलपत्रदाताको अनुपस्थितीले बोलपत्र खोल्न बाधा पुग्ने छैन। उक्त म्याद भित्र समेत कर्जा चुक्ता नभएमा ऋणीको नाम नेपाल राष्ट्र बैंकको निर्देशिका बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा अन्य कुनै सूचना बिनानै समावेश गरिने समेत सम्बन्धित सबैलाई जानकारी गराइन्छ। कुनै कारणवश तपसिलमा उल्लेखित सम्पत्ति लिलाम बिक्री नभएमा सो सम्पत्ति अन्य व्यवस्था गरी बेचबिखन गर्न सक्ने वा प्रचलित कानून बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने र उक्त सम्पत्तिबाट बैंकको सम्पूर्ण बक्यौता असूल उपर नभएमा प्रचलित कानून बमोजिम ऋणीको अन्य चलअचल सम्पत्तिबाट समेत असूल उपर गरी लिइने व्यहोरा समेत जानकारी गराईन्छ।

**तपसिल**

| ऋणी/प्रोप्राइटर/जमानतकर्ताको विवरण | जमानतकर्ताको विवरण |
|---|---|
| **१) ऋणीः स्वस्तिका फेन्सी पसल**<br>दर्ता गर्ने कार्यालयः घरेलु तथा साना उद्योग कार्यालय, बर्दिया<br>प्रा.फ.र. नं. : ४८६/७८६५/०७५/०७६<br>पान नं. ६०८७६०३१३<br>दर्ता मिति : २०७५/०८/०३<br>फर्मको ठेगाना : मधुवन-०४, बर्दिया | **क) नाम : मोहविर खत्री**<br>बाबुको नाम : गमान सिंह खत्री<br>बाजेको नाम : रुद्र सिंह खत्री<br>ठेगाना : सानोश्री-०२, वर्दिया<br>हाल : सानोश्री-०६, वर्दिया<br>ना.प्र.नं. : २९१०३/०९७७<br>जारी गर्ने कार्यालय : जि.प्र.का., बर्दिया<br>जारी मिति : २०३६/०२/११ |
| **प्रोप्राईटर/जमानतकर्ताको नाम :**<br>**रिता कुमारी टमटा**<br>बाबुको नाम : मोहविर खत्री<br>पतिको नामः सन्तु टमटा<br>ससुराको नाम : दलबिरे टमटा<br>ठेगाना : मधुवन-०३, बर्दिया, हाल : मधुवन-०४, बर्दिया<br>ना.प्र.नं.: ६५-०१-७०-०४५८६, जारी मितिः २०७०/०९/११<br>जारी गर्ने कार्यालय : जि.प्र.का., बर्दिया<br>**कर्जा लिएको शाखा : कोहलपुर, बाँके** | **सुरक्षणमा रहेको धितोको विवरणः** श्री मालपोत कार्यालय बर्दियामा रिता कुमारी टमटाको नाममा दर्ता कायम रहेको बर्दिया जिल्ला, ढोढरी -०२, स्थित कि.नं. १४०७ को क्षेत्रफल १६९.३० व.मी. रहेको घर/जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत। |

**शर्तहरु :**

१. बोलपत्र फाराम डेभलपमेन्ट बैंकको कुनै पनि शाखा कार्यालयबाट यस बैंकको सम्बन्धित शाखा कार्यालयको खाता नं. ९३०७४०१०५०१०१ " को SDBL– Other Non-Operating Income" मा रु ५००.००(अक्षेरुपी रु. पाँचसय रुपैंया मात्र) जम्मा गरी खरिद गर्न सकिनेछ।
२. बोलपत्र फाराममा आफूले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्नेछ। बोलपत्र फाराममा आफूले लिन चाहेको चल/अचल सम्पत्तिको विवरण यस डेभलपमेन्ट बैंकबाट प्रकाशित सूचनाको अधारमा भर्नु पर्नेछ।
३. बोलपत्रदाताले आफूले लिन कबोल गरेको रकमको कम्तिमा १० प्रतिशतले हुने रकम धरौटी वापत यस डेभलपमेन्ट बैंकको कुनै पनि शाखा कार्यालयमा यस बैंकको सम्बन्धित शाखा कार्यालयको खाता नं. ९२०६५०१०७०५०१ को "SADBL– Auction Deposit (Lilami)" मा Manager's Cheque, Good For Payment Cheque वा नगदै जम्मा गरी सक्कल रसिद यस बोलपत्र फारम साथ संलग्न गरी यस डेभलपमेन्ट बैंकको सम्बन्धित शाखा कार्यालय वा केन्द्रीय कार्यालयमा रहेको कर्जा असुली इकाईमा पेश गर्नुपर्नेछ।
४. लिलाम बिक्री हुने धितो निरिक्षण गर्न चाहेमा बोलपत्र पेश गर्नु अगावै कार्यालय समय भित्र सम्बन्धित शाखा कार्यालयमा सम्पर्क राखी जे जस्तो अवस्थामा छ सोही अवस्थामा निरीक्षण गर्न सकिनेछ। साथैं सोहि अवस्था तथा परिमाणमा स्वीकार गरी लिनु पर्नेछ।
५. बोलपत्र स्वीकृत भएको वा नभएको जानकारी बोलपत्रदातालाई गराईनेछ र बोलपत्र स्वीकृत हुने बोलपत्रदाताले उक्त जानकारी पाए पछि बैंकले तोकेको समय मिति भित्र कबोल गरेको रकममा धरौटी रकम घटाई बाँकी सम्पूर्ण रकम बुझाई उपरोक्तानुसारको चल/अचल सम्पत्तिहरु आफ्नो नाँउमा नामसारी गरि लिनुपर्नेछ। सो म्याद भित्र बाँकी रकम नबुझाएमा धरौटी रकम स्वतः जफत हुनेछ।
६. बोलपत्र दाखिल भईसकेपछि बोलपत्रमा उल्लेखित रकम वा शर्तमा कुनै हेरफेर हुने छैन। साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुङ्गो नलागेसम्म सामान्यतया धरौटी रकम फिर्ता दिईने छैन। उक्त धरौटी रकममा कुनै ब्याज दिइने छैन।
७. रित नपुगेको वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्द हुनेछ।
८. बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस डेभलपमेन्ट बैंकमा नै नीहित रहनेछ र अस्वीकृत गर्दा डेभलपमेन्ट बैंकले कुनै पनि कारण खुलाउनुपर्ने छैन।
९. बोलपत्र सदर वा सुरक्षरणमा रहेको धितो नामसारी हुनु अगावै ऋणीले सम्पूर्ण रकम बुझाएमा प्राप्त बोलपत्रहरु रद्द गरी धरौटी रकम फिर्ता दिन सकिनेछ र उक्त धरौटी रकममा कुनै ब्याज समेत प्रदान गरिने छैन।
१०. अदालत वा अन्य अख्तियार प्राप्त निकायबाट लिलाम रोक्का गर्ने आदेश प्राप्त भएमा लिलाम रोक्का गर्न सकिनेछ।
११. दा.खा. नामसारी गर्दा सम्बन्धित निकायमा लाग्ने सम्पूर्ण खर्चहरु स्वयम् बोलकबोल दाताले व्यहोर्नु पर्नेछ।



## Bhotekoshi Rural Municipality
## Office of the Rural Municipal Executive
**Fulpingkatti, Sindhupalchok**

### Intention to Award

**Date of Publication: 2082/10/13**

Pursuant to Clause 27(2) of Public Procurement Act 2063 and ITB 39.1 of bidding document, this is to notify all that the following minimum evaluated substantially responsive bidders have been selected to award the following contracts as per the Invitation for Bids Published on www.bolpatra.gov.np/egp 'Himalaya National Daily Dated 2082/08/21' and 'Sourya National Daily dated 2082/09/23'.

| S. N. | Contract No | Name of Work | Name and Address of Bidder | Bid Price (including VAT & PS) |
|---|---|---|---|---|
| 1 | BRM/W/NCB/ 082/083-04 | Upgrading Works of China Naka Drypod Chyansa Bhiravkunda Sadak | Kalika Tripura Engineering And Builders Pvt. Ltd, Tripurasundari 06, Tekanpur | NRs. 20,08,120.8 |
| 2 | BRM/W/NCB/ 082/083-05 | Construction works of Thargbu Tasi Chhyoling gumba, Bhotekoshi-3, Sindhupalchok | | NRs. 19,93,302.66 |
| 3 | BRM/W/SQ/ 082/083-05 | Construction works of Tharpa Chhayoling Karma Kagyo Gumba, Bhotekoshi-5, Sindhupalchok | | NRs. 11,21,669.96 |
| 4 | BRM/W/NCB/ 082/083-06 | Construction Works of Golchi Gumba Bhotekoshi-5, Sindhupalchok | Nuwakot Bhairabi Construction Pvt. Ltd., Baniyatar, Kathmandu | NRs. 39,76,636.76 |

**Chief Administrative Officer**



**बागमती प्रदेश सरकार**
**भौतिक पूर्वाधार विकास मन्त्रालय**
**यातायात पूर्वाधार निर्देशनालय**
## पूर्वाधार विकास कार्यालय
**सिन्धुलीमाढी, सिन्धुली**

### आर्थिक प्रस्ताव खोल्ने आशयको सूचना

**सूचना प्रकाशित मितिः २०८२/१०/१३**

यस कार्यालयबाट देहाय बमोजिमको निर्माण कार्यको लागि प्रकाशित बोलपत्र आह्वानको सूचना बमोजिम रीतपूर्वक पेस हुन आएका बोलपत्रको प्राविधिक प्रस्तावको मूल्याङ्कन गर्दा निम्न बोलपत्रदाताहरूको प्राविधिक प्रस्ताव सारभूत रूपमा प्रभावग्राही देखिएकोले निज बोलपत्रदाताहरूको आर्थिक प्रस्ताव मिति २०८२/१०/२० (3rd February 2026) मा दिनको १:०० बजे यस कार्यालयमा खोलिने भएकोले सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१(ज) को उपनियम ५ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

| ठेक्का नं. | कार्यको विवरण | सारभूत रूपमा प्रभावग्राही बोलपत्रदाताको नाम र ठेगाना |
|---|---|---|
| IDO/SIN/W/NCB /082/83/20 | Upgrading Works on Sindhulimadhi Chakmake Arunthakur Katari Road, Sindhuli (Ch: 31+360 to 36+000) | 1.M/S Kshitiz Nirman Sewa Pvt. Ltd., Kavre<br>2.M/S SBA Nirman Sewa Pvt. Ltd., Kathmandu<br>3.M/S SS-KBES JV, Mahottari<br>4.M/S Immanuyal Construction (P) Ltd., Kathmandu<br>5.M/S Gyan Jyoti Builders Pvt.Ltd., Kavre<br>6.M/S Raktakanya-Him Shrinkhala Joint Venture, Kathmandu<br>7.M/S Balkot-Adhikari-Sanjay J.V., Kathmandu<br>8.M/S GAURI GANESH-ABHIYAN JV, Kathmandu<br>9.M/S DNS/GSCSKNS -JV, Kavre<br>10.M/S Srijana/D.S. JV, Sindhuli<br>11.M/S THAPA-SHANKAR-KEY WEST J.V., Ramechhap<br>12.M/S Sindhuli-Shisan JV, Sindhuli<br>13.M/S P.R. Infrastructure Pvt. Ltd., Lalitpur |

**कार्यालय प्रमुख**